**चम्पादेवी गाँउपालिका, ओखलढुंगा**
**१ नं. प्रदेश, नेपाल**


# स्थानीय राजपत्र


**खण्ड ३, संख्या ४ मिति: २०७७०२।११**

**भाग २**


स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चम्पादेवी गाउँ कार्यपालिकाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिका बाट निर्णय : २०७७/०१/११ प्रमाणिकरण मिति : २०७७/०२/१०**

## चम्पादेवी गाउँपालिकाको भू-उपयोग सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना :**

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID 19 (कोरोना भाइरस) बाट नेपाल पनि प्रभावित हुन पुगेको छ । यस महाविपत्तीको संक्रमणबाट उत्पन्न जोखिम प्रति नागरिकहरुलाई

सचेत गराउँदै यसबाट सुरक्षित गराउनका लागि संघिय सरकार, प्रदेश सरकार र चम्पादेवी गाउँपालिकाबाट हर संभव प्रयासहरु भईरहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि आजका दिन सम्म आइपुग्दा जोखिमको रुपमा अघि बढ्दै गरेको परिप्रेक्षलाई मध्यनजर गरि कृषि प्रधान देश नेपालको परिचय तथा पहिचाहनलाई आत्मसाथ गर्दै लकडाउन (दन्दाबन्दी) को अवस्थाले गरिब, बिपन्न, दैनिक ज्याला मजदुरी गर्ने नागरिक लगायत अन्य सर्वसाधारणका लागि खाद्य सुरक्षा विधि अवलम्बन गर्न पारिवारीक खेति प्रणालीलाई प्रेरणा दिने उद्देश्यका साथै व्यवसायीक खेति तर्फ प्रेरित गर्ने र यस विपत्तिको घडिमा कृषि उपज बालिनाली मार्फत आम नागरिकको सहज जीवनयापनको वातावरण निर्माण गर्न बनेको कार्यविधि तत्काल लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "चम्पादेवी गाउँपलिकाको भू-उपयोग सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले चम्पादेवी गाउँपलिकाको भू-उपयोग सम्बन्धी कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले चम्पादेवी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।





(घ) "संयोजक" भन्नाले चम्पादेवी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले यस समितिका सदस्य सम्झनु पर्दछ ।

(च) "सदस्य सचिव" भन्नाले चम्पादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

**३. दद्देश्य :**

भुमिको उपयोग नभई बाँजो बसेका तथा खोरियाका रुपमा परिणत भएका यस गाउँपालिका क्षेत्रका त्यस्ता जमिनहरुलाई खेतिपाती मार्फत आय आर्जनको विकास गरि यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने दैनिक ज्याला मजदुरी कर्ता, विपन्न, दलित, लगायत अन्य न्यून आर्थिक स्थिति भएका नागरिकहरुलाई निजहरुकै श्रमबाट आत्म निर्भर गराउने रहेको छ ।

**४. चम्पादेवी गाउँपालिकाको भू-उपयोग कार्यकारी समिति :**

(क) संयोजक : गाउँपालिका अध्यक्ष

(ख) सदस्य : गा.पा. प्रवक्ता

(ग) सदस्य : कृषि विकास समिति संयोजक

(घ) सदस्य : कार्यविधि निर्माण समिति संयोजक

(ङ) सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

**५. समितिका काम, कर्तव्य र अधिकार :**

क) विभिन्न किसिमका श्रम गरि जीवन निर्वाह गरिरहेका, अशक्त तथा अति विपन्न परिवारहरुको जीवनस्तर उकास्न विभिन्न किसिका पारिवारिक खेतिको विकास गर्ने ।

सचेत गराउँदै यसबाट सुरक्षित गराउनका लागि संघिय सरकार, प्रदेश सरकार र चम्पादेवी गाउँपालिकाबाट हर संभव प्रयासहरु भईरहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि आजका दिन सम्म आइपुग्दा जोखिमको रुपमा अघि बढ्दै गरेको परिप्रेक्षलाई मध्यनजर गरि कृषि प्रधान देश नेपालको परिचय तथा पहिचाहनलाई आत्मसाथ गर्दै लकडाउन (दन्दाबन्दी) को अवस्थाले गरिब, बिपन्न, दैनिक ज्याला मजदुरी गर्ने नागरिक लगायत अन्य सर्वसाधारणका लागि खाद्य सुरक्षा विधि अवलम्बन गर्न पारिवारीक खेति प्रणालीलाई प्रेरणा दिने उद्देश्यका साथै व्यवसायीक खेति तर्फ प्रेरित गर्ने र यस विपत्तिको घडिमा कृषि उपज बालिनाली मार्फत आम नागरिकको सहज जीवनयापनको वातावरण निर्माण गर्न बनेको कार्यविधि तत्काल लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "चम्पादेवी गाउँपलिकाको भू-उपयोग सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले चम्पादेवी गाउँपलिकाको भू-उपयोग सम्बन्धी कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले चम्पादेवी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले चम्पादेवी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।





(घ) "संयोजक" भन्नाले चम्पादेवी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले यस समितिका सदस्य सम्झनु पर्दछ ।

(च) "सदस्य सचिव" भन्नाले चम्पादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

**३. दद्देश्य :**

भुमिको उपयोग नभई बाँजो बसेका तथा खोरियाका रुपमा परिणत भएका यस गाउँपालिका क्षेत्रका त्यस्ता जमिनहरुलाई खेतिपाती मार्फत आय आर्जनको विकास गरि यस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने दैनिक ज्याला मजदुरी कर्ता, विपन्न, दलित, लगायत अन्य न्यून आर्थिक स्थिति भएका नागरिकहरुलाई निजहरुकै श्रमबाट आत्म निर्भर गराउने रहेको छ ।

**४. चम्पादेवी गाउँपालिकाको भू-उपयोग कार्यकारी समिति :**

(क) संयोजक : गाउँपालिका अध्यक्ष

(ख) सदस्य : गा.पा. प्रवक्ता

(ग) सदस्य : कृषि विकास समिति संयोजक

(घ) सदस्य : कार्यविधि निर्माण समिति संयोजक

(ङ) सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

**५. समितिका काम, कर्तव्य र अधिकार :**

क) विभिन्न किसिमका श्रम गरि जीवन निर्वाह गरिरहेका, अशक्त तथा अति विपन्न परिवारहरुको जीवनस्तर उकास्न विभिन्न किसिका पारिवारिक खेतिको विकास गर्ने ।

ख) तत्काल आम्दानी दिने वस्तुहरुको उत्पादन गरि यस क्षेत्रमा बसोबास गर्ने नागरिकहरुलाई आवश्यक वस्तुहरुको व्यवस्थापन गर्ने ।

ग) बाँझो बसेका खेतियोग्य जमिनहरुलाई तत्काल खेतियोग्य बनाउने ।

घ) खोरियाका रुपमा रहेका यस गाउँपालिका क्षेत्रका विभिन्न जग्गा जमिनहरुलाई उपयोगमा ल्याउने ।

ङ) यस गाउँपालिका क्षेत्रका विभिन्न खेति योग्य जमिनहरुलाई पकेटको रुपमा विकास गर्दै अगाडि बढ्ने ।

च) आवाश्यक मापदण्डको निर्धारण गर्ने ।

(छ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

**६. मूख्य क्रियाकलापहरु :**

क) मकै तथा गहत पकेट क्षेत्रको रुपमा विकास गर्ने । (वडा नं. १, २, ३)

ख) तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्ने । (वडा नं. ५, ८, ९)

ग) मसला बाली तथा फलफूल पकेट क्षेत्रको रुपमा विकास गर्ने । (वडा नं. ४, ६, १०)

घ) फलफूल पकेट क्षेत्रको रुपमा विकास गर्ने । (वडा नं. ४, ७)

ङ) धान पकेट क्षेत्रको रुपमा विकास गर्ने । (सिल्खु बेसी, सेरा बेसी, धुसेनी बेसी, चप्लेटी बेसी, डुंडे बेसी, बगेरे बेसी, भन्याङ बेसी, पुनटार)

च) अलैंची, रुद्राक्ष, ओखर, लागायत आवश्यकीय अन्य विभिन्न प्रजातीका फलफूल तथा वनस्पतीहरुको खेती





विस्तार आवश्यकता अनुसार विभिन्न वडाहरुमा थप घट गर्न सकिने छ ।

७. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु गाउँपालिकाको प्रचलित कानून अनुसार हुनेछन् ।

८. यो कार्यविधिको व्याख्या, संसोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ ।

**९. अनुगमन समितीः**

क) संयोजक : गाउँपालिका उपाध्यक्ष

ख) सदस्य : सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक

ग) सदस्य : सार्वजनिक सेवा तथा क्षमता विकास समिति बरिष्ठ सदस्य

घ) सदस्य : प्रशासन शाखा

ङ) सदस्य सचिव : कृषि शाखा प्रमुख

१०. खेतिपाति मार्फत कृषि क्षेत्रमा आत्म निर्भर भएपछि यो कार्यविधि स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**

**सरोज थापा**

**नि.प्रमुख प्रशासकीय अधिकृत**